नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

यस मन्त्रालयको मिति २०८२/११/१७ गतेको निर्णयानुसार मध्यपूर्वका (पश्चिम एसिया) देशहरुमा विकसित विषम परिस्थितिको कारण त्यहाँ कार्यरत नेपाली श्रमिक एवँ रोजगारीका लागि त्यस क्षेत्रमा जान चाहने श्रमिकहरुको सुरक्षा संवेदनशीलताका कारण  साउदी अरेविया, UAE, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेवनान, टर्कि र इजरायल सहित मध्यपूर्वका देशहरुको लागि व्यक्तिगत र संस्थागत श्रम स्वीकृति स्थगन भइ कार्यान्वयनमा रहेको व्यहोरा सम्बन्द्ध सवैलाई विदितै छ।

सो सम्बन्धमा सम्बन्धित देशका गैरआवासीय नेपाली संघ, दूतावासहरु लगायत श्रम स्वीकृति समाप्त भएर पुन: नवीकरण गर्न नपाएका श्रमिकहरुले समेत पुन: श्रम स्वीकृति प्रदान गर्ने विषयमा विभिन्न माध्यमबाट पुन: श्रम स्वीकृति खुलाई पाउनका लागि माग गरेकोमा, परराष्ट्र मन्त्रालयको च.नं. CAWAA/MAA/७५६५, मिति २०८२/१२/०३ गतेको सिफारिस र वैदेशिक रोजगार विभागबाट समेत लेखी आएको आधारमा यस मन्त्रालयको मिति २०८२/१२/०३ गतेको निर्णयानुसार स्थगन भएका मुलुकहरुमध्येमा इरान, इजरायल, वहराइन, कुवेत, इराक र लेबनान बाहेकका अन्य मुलुकहरु (साउदी अरेविया, UAE, कतार, ओमान, यमन, जोर्डन, टर्कि) मा कार्यरत नेपाली श्रमिकहरुलाई र विदामा नेपाल आई पुन: उल्लेखित देशहरुमा रोजगारीका लागि फिर्ता हुन चाहने नेपाली श्रमिकलाई पुन: श्रम स्वीकृति प्रदान गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ।

मितिः २०८२/१२/०३

नेपाल संवत् ११४६ चिल्लागा त्रयोदशी

२०८२/१२/३

(पिताम्बर घिमिरे)
सहसचिव/प्रवक्ता